# काँक्रेविहार
कर्णाली प्रदेशको पहिलो दैनिक
www.kankrebihar.com
राष्ट्रिय दैनिक








राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १९७ | बिहीवार, १७ वैशाख, २०८३ | Thursday, 30 April 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०


# कर्णाली सरकारले उठायो लक्ष्यको आधा राजस्व

*बजेट कार्यान्वयनमा कमजोर देखिएको कर्णाली प्रदेश सरकारले आफ्नो आन्तरिक आम्दानीमा पनि सुधार ल्याउन सकेको छैन ।*

**काँक्रेविहार संवाददाता**
सुर्खेत, १६ वैशाख

कर्णाली प्रदेश सरकारले चालु आर्थिक वर्षमा आन्तरिक आम्दानी बढाउने लक्ष्यको करिब आधा राजस्व संकलन गरेको छ। प्रदेश सरकारले यस आर्थिक वर्षका लागि ९६ करोड ७४ लाख ११ हजार रुपैयाँ आन्तरिक आम्दानी गर्ने लक्ष्य राखेको छ। तर नौ महिनाको अवधिमा ४८ करोड तीन लाख ९५ हजार ८६२ रुपैयाँ ५८ पैसा मात्रै संकलन भएको हो।

आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार लक्ष्यअनुसार राजस्व संकलन हुन नसक्नुका पछाडि विभिन्न कारण रहेका छन्। प्रदेशका अधिकांश जिल्लामा आर्थिक गतिविधि अपेक्षाकृत कम हुनु, उद्योग-व्यवसायको विस्तार सुस्त हुनु तथा करको दायरा फराकिलो बनाउन नसक्नु जस्ता कारणले राजस्व संकलन प्रभावित भएको छ।

प्रदेश सरकारले पर्यटन, वन, खानी तथा प्राकृतिक स्रोतको उपयोगमार्फत आन्तरिक आम्दानी बृद्धि गर्ने योजना अघि सारे पनि कार्यान्वयनमा चुनौती देखिएको छ। साथै स्थानीय तहसँगको समन्वय अभाव र कर प्रशासनको प्रभावकारी व्यवस्थापन हुन नसक्दा पनि अपेक्षित प्रगति हुन सकेको छैन।

तर बाँकी तीन महिनामा राजस्व संकलन बढाउन विशेष पहल गरिने मन्त्रालयले जनाएको छ। कर चुहावट नियन्त्रण, राजस्व प्रशासन सुदृढीकरण तथा नयाँ स्रोत पहिचानमा ध्यान केन्द्रित गरिने बताइएको छ। प्रदेश सरकारले लक्ष्य नजिक पुग्न सबै सरोकारवालासँग सहकार्य गर्दै राजस्व संकलनलाई तीव्रता दिने योजना बनाएको छ।

बजेट कार्यान्वयनमा कमजोर देखिएको कर्णाली प्रदेश सरकारले आफ्नो आन्तरिक आम्दानीमा पनि सुधार ल्याउन सकेको छैन। गत आर्थिक वर्ष २०८१/०८२ को यही अवधिमा प्रदेश सरकारले ४१ करोडको हाराहारीमा आम्दानी गरेको थियो। यो पटक झन्डै सात करोडले आम्दानी बृद्धि भए पनि लक्ष्य भेटाउने छाँटकाँट छैन।




### आम्दानीमा सुधार ल्याउने प्रयास

अर्थ मन्त्रालयका वरिष्ठ राजस्व अधिकृत गणेशबहादुर चन्दका अनुसार यो वर्ष थुप्रै शीर्षकमा करका दायरा बढाइएको थियो। त्यसपछि बेरुजु उठाउनेमा प्रदेश सभाको सार्वजनिक लेखा समितिले काम गरिरहेको छ। समितिको पटक-पटकको निर्देशनपछि बेरुजु असुलीमा पनि राम्रो पैसा आएको भन्दै त्यसपछि कृषि उपजको बिक्री वितरण तथा वनको रोयल्टीमा पनि आम्दानी भएको उनले जानकारी दिए। प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि ल्याएको 'कर्णाली प्रदेश आर्थिक ऐन, २०८२' मा सबैभन्दा उल्लेखनीय र प्रदेशको राजस्वमा सुधार ल्याउन सक्ने व्यवस्थाका रूपमा 'वन क्षेत्रको बिक्री-वितरणसम्बन्धी विशेष व्यवस्था'लाई लिइएको थियो।

प्रदेशको सम्पूर्ण संरचना र बजेट वन क्षेत्रको व्यवस्थापनमा खर्च हुने तर त्यसबाट उठेको राजस्व रोयल्टीका रूपमा संघीय सरकारमा जाने पुरानो प्रणालीलाई अन्त्य गर्ने प्रावधान नै ल्याइएको छ। यो राजस्व प्रदेश सञ्चित कोषमै जम्मा हुने गरी विशेष व्यवस्था गरिएको हो।

वन क्षेत्रका अधिकारीहरूले यो व्यवस्था कार्यान्वयन भएमा कम्तीमा पनि २५ देखि ३० करोड रुपैयाँ राजस्व संकलन गर्न सकिने जनाएका छन्। नौ महिनाको अवधिमा भने वन क्षेत्रको अन्य आय र वन क्षेत्रको रोयल्टी शीर्षकमा झण्डै आठ करोड बढी राजस्व सङ्कलन भएको छ। यो पहिलो वर्ष हो, आगामी वर्षदेखि निरन्तर सुधार र व्यवस्थित गर्दै जान सकिने हुँदा अबका वर्षमा यो शीर्षकमा आम्दानी बृद्धि हुँदै जाने अपेक्षा सरकारले गरेको छ।

यस्तै प्रदेश सरकारले छुट्टै राजस्व शाखा तथा राजस्व परामर्श समिति बनाएर राजस्वका क्षेत्रमा काम गरिरहेको छ। उक्त समितिमा ४ वटा उपसमिति पनि बनाइएको छ। राजस्व परामर्श समितिले राजस्व सुधारसँगै अन्य राजस्व पहिचानका क्षेत्रमा पनि काम गरिरहेको छ।

राजस्वका स्रोत व्यवस्थित गर्ने, पहिचान गर्ने उद्देश्यसहित राजस्व शाखा स्थापना गरिएको हो। विगतभन्दा करमा निकै कडाइ पनि गरिएको छ।

प्रदेश लेखा नियन्त्रकको कार्यालयका लेखा अधिकृत ललित थापाका अनुसार चालु आर्थिक वर्ष ९६ करोड ७४ लाख ११ हजार आन्तरिक आम्दानी गर्ने प्रदेश सरकारको लक्ष्य छ। सोही लक्ष्यलाई आधार बनाएर चालु आर्थिक वर्षमा झन्डै ३३ अर्बको बजेट ल्याइएको थियो।

असार मसान्तसम्म बजेटमा राखिएको लक्ष्य भेट्टाउन नसके पनि विगतका वर्षको तुलनामा यो वर्ष धेरै आम्दानी हुने आर्थिक मामिला तथा योजना मन्त्रालयका वरिष्ठ राजस्व अधिकृत गणेशबहादुर चन्द बताउँछन्। सबै तथ्यांक हेर्दा गत वर्षको भन्दा ८-१० करोड बढी आन्तरिक आम्दानी बढ्ने उनको अनुमान छ।

गत वर्ष ८३ करोड ४४ लाख ६५ हजार वार्षिक आन्तरिक आम्दानीको लक्ष्य राखिएकोमा जम्मा ६५ करोड ९४ लाख आम्दानी गरेको थियो। यसअघि प्रदेश सरकारले सबैभन्दा धेरै आम्दानी आर्थिक वर्ष २०८०/०८१ मा गरेको छ। उक्त वर्ष ८३ करोड ६२ लाख लक्ष्य राखिएकोमा ७२ करोड ५३ लाख ७४ हजार बराबर आम्दानी गरेको थियो।

# सुरू भयो निजामती कर्मचारीलाई १५ दिनमा तलब दिन



*अर्थमन्त्रीको सो आदेशसगै अर्थ मन्त्रालयका कर्मचारीहरुले वैशाख महिनाको पहिलो अर्धमासिक (१५ दिन) तलब प्राप्त गरेका थिए ।*

**काँक्रेविहार संवाददाता**
काठमाडौं, १६ वैशाख

सरकारले कर्मचारीलाई १५ दिनमै पारिश्रमिक दिने कार्य सुरु गरेको छ। पाइलट परियोजनाको रुपमा उक्त कार्य आज बुधबारदेखि कार्यन्वयनमा आएको अर्थ मन्त्रालयले जनाएको छ।

बुधबार अर्थ मन्त्रालयमा आयोजित एक कार्यक्रमबीच अर्थमन्त्री डा.स्वर्णिम वाग्लेले १५ दिनमै कर्मचारीलाई तलब दिने कार्यको शुभारम्भ गरे।

महालेखा नियन्त्रक कार्यालयको कर्मचारीहरूलाई तलब प्रविष्ट गर्ने प्रणाली कम्प्युटराइज्ड गभरमेन्ट एकाउन्टिङ सिस्टम (सिगास) मार्फत कोष तथा लेखा नियन्त्रक कार्यालयमा भुक्तानी आदेश पठाई अर्थमन्त्री वाग्लेले १५ दिनमै तलब दिने कार्यको सुरुआत गरेका हुन्।

अर्थमन्त्रीको सो आदेशसँगै अर्थ मन्त्रालयका कर्मचारीहरूले वैशाख महिनाको पहिलो अर्धमासिक (१५ दिन) तलब प्राप्त गरेका थिए। १५ दिनमै तलब भुक्तानी कार्यको शुभारम्भ गर्दै अर्थमन्त्री डा.स्वर्णिम वाग्लेले अर्थतन्त्र चलायमान बनाउन सरकारले यस्तो निर्णय गरेको बताए ।

'१५ दिनमा तलब दिँदा बजार चलायमान हुन्छ। उपभोग र माग दुवै बढ्छ,' अर्थमन्त्री वाग्लेले भने, 'यो पाइलट परियोजनाको रुपमा संघीय निजामती कर्मचारीमा लागू गरिएको हो। बिस्तारै सरकारी वेतनधारी सबैले यो सुविधा पाउनुहुन्छ।'

उनले मन्त्रालयले निर्णय गरेको ११ दिनमै प्राविधिक तयारी पूरा गरेर १५ दिनमै तलब दिन मेहनत गरेको भन्दै महालेखा नियन्त्रक कार्यालयलाई धन्यवाद दिए।

सो अवसरमा बोल्दै महालेखा नियन्त्रक शोभाकान्त पौडेलले अब बिस्तारै प्रदेश तथा अन्य सेवाका सरकारी कर्मचारीले पनि १५ दिनमा तलब पाउने बताए ।

१५ दिनमा तलब दिन आफ्नो कार्यालय प्राविधिक रुपमा तयार रहेको भन्दै उनले यसलाई क्रमैसँग अघि बढाउने बताए।

उनकाअनुसार अहिले रहेको प्रणालीबाट १५ दिन वा एक महिना जुन समयमा कर्मचारीले तलबको माग गर्नुहुन्छ सोही समयमा तलब दिन सकिन्छ।

अर्धमासिक रुपमा कर्मचारीलाई तलब भुक्तानी गर्दा बजारमा नियमित माग सिर्जना हुने र अर्थतन्त्र चलायमान हुने उनको भनाई छ।

यस्तै, यसले उपभोग खर्चको वितरण समान रुपमा फैलिने साना व्यवसायीहरूको नगद प्रवाहमा वृद्धि हुने महालेखा नियन्त्रक पौडेलले बताए।

१५ दिनमा तलब दिँदा सेवा व्यवसायमा सकारात्मक प्रभाव पर्ने र डिजिटल अर्थतन्त्र वृद्धि हुने अपेक्षा गरिएको उनको भनाई छ।

गत वैशाख ४ गते अर्थमन्त्री डा.स्वर्णिम वाग्लेले सरकारी कर्मचारीलाई हरेक १५ दिनमा तलब खुवाउने कार्य पाइलट परियोजनाका रुपमा अघि बढाउने निर्णय गरेका थिए।

# कांग्रेसले एकैदिन एउटा पूर्णबहादुरलाई राहत दिँदा अर्को पूर्णबहादुरलाई पेल्यो




**काँक्रेविहार संवाददाता**
वीरेन्द्रनगर, १६ वैशाख

नेपाली कांग्रेस केन्द्रीय अनुशासन समितिले विभिन्न नेतासम्बन्धी अनुशासनात्मक विषयमा महत्वपूर्ण निर्णय गरेको छ। समितिका संयोजक तारामान गुरुङको संयोजकत्वमा बसेको बैठकले यस्ता निर्णय गरेको हो।

बैठकले पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्कासँग सम्बन्धित अनुशासनात्मक विषय सर्वोच्च अदालतको पछिल्लो फैसलापछि औचित्य समाप्त भएको निष्कर्ष निकालेको छ।

विशेष महाधिवेशनपछि कांग्रेसमा देखिएको विवादबारे सर्वोच्च अदालतबाट अन्तिम निर्णयसमेत गरिसकेको अवस्थामा खड्कामाथि अनुशासनको कारबाही अघि बढाउने विषयलाई समितिले तामेलीमा राख्ने निर्णय गरेको हो। यसअघि तारामान नेतृत्वको समितिले खड्कालाई स्पष्टीकरण सोधेको थियो।

समितिले निवर्तमान कार्यवाहक सभापति खड्कालाई पार्टी विधानबमोजिम कारबाही प्रक्रिया अगाडि बढाइरहेकै बेला सभापति गगन थापाले भेट गरे थिए।

सर्वोच्च अदालतले आफूलाई अन्तिम मान्यता दिएसँगै खड्कासँग भेटेका थापाले कारबाही अघि नबढाउने जनाउ दिएका थिए। कांग्रेस केन्द्रीय सदस्य गुरुङ नेतृत्वको समितिले गत वैशाख २ गते नभएको पद उल्लेख गरी पार्टीको लेटरप्याडमा विज्ञप्ति जारी गरेको भन्दै खड्कालाई स्पष्टीकरण सोध्ने निर्णय गरेको थियो।

अनुशासन समितिको निर्णयमा लेखिएको थियो, 'नेपाली कांग्रेसको पूर्वउपसभापति पूर्णबहादुर खड्काद्वारा अनधिकृत रूपमा मिति २०८२/१२/३० गते प्रेस विज्ञप्ति जारी गर्ने कार्य पार्टीको विधान विपरीत देखिएकोले नेपाली कांग्रेसको विधान २०१७, (संशोधन सहित) को धारा ३४ को उपधारा ८ (घ) बमोजिम ७ (सात) दिने स्पष्टीकरण सोध्ने निर्णय गर्दछ।'

खड्काको कारबाहीको विषय पार्टीको आधिकारिकता विवाद टुंगिएसँगै सकिएको निचोड निकालेको कांग्रेसले रामेछाप जिल्ला सभापति पूर्णबहादुर तामाङ 'कान्छाराम' लाई भने निलम्बन गरेको छ।

अनुशासन उल्लंघनको आरोपमा उनलाई तत्काल प्रभावबाट पदबाट निलम्बन गर्ने निर्णय गरिएको छ। समितिका अनुसार प्रारम्भिक स्पष्टिकरण सन्तोषजनक नभएकाले थप अनुसन्धान आवश्यक रहेको र अनुसन्धान प्रभावित नहोस् भनेर निलम्बन गरिएको हो।

**विवाद**

अनुशासन समितिले रामेछाप जिल्ला कार्यसमितिका सभापति पूर्णबहादुर तामाङ (कान्छाराम)सँग गत वैशाख ७ गते ३ दिने स्पष्टीकरण सोधेको थियो।

# भूमिहीन सुकुम्बासीलाई आतंकित नबनाउन बर्दियाका स्थानीय तहको चेतावनी

**काँक्रेविहार संवाददाता**
काठमाडौं, १६ वैशाख

बर्दियाका स्थानीय तहले भूमिहीन सुकुम्बासीलाई आतंकित नबनाउन आग्रह गरेका छन्।

आठ पालिका प्रमुखहरूले बुधबार संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै अतिक्रमित वन क्षेत्र खाली गराउने नाममा आतंक नफैलाउन ध्यानाकर्षण गराएका हुन्।

लुम्बिनी प्रदेश, वन तथा वातावरण मन्त्रालयअन्तर्गत डिभिजन वन कार्यालयले सूचना प्रकाशित गर्दै अतिक्रमित वन क्षेत्र खाली गर्ने सम्बन्धी सूचनाप्रति आफूहरूको ध्यानाकर्षण भएको जनाएका छन्।

'नेपालको संविधान, २०७२ को भाग ३ अन्तर्गत मौलिक हकमा समावेश धारा ३७ को उपधारा (१) ले प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुने व्यवस्था गरेको छ।

उक्त संवैधानिक व्यवस्थाको प्रतिकूल हुने गरी प्रकाशित उक्त सार्वजनिक सूचनाले लामो समयदेखि वन क्षेत्रभित्र बसोबास गर्दै आएका नागरिकहरूको आवास अधिकारमाथि प्रत्यक्ष असर पर्ने देखिन्छ,' पालिकाद्वारा जारी संयुक्त विज्ञप्तिमा भनिएको छ।

जनताको सेवकका रूपमा स्थापित सरकारबाट जनताप्रति पूर्वाग्रहपूर्ण ढंगले अगाडि बढाइएका यस्ता कार्यहरू तत्काल रोक्न विज्ञप्तिमा माग गरिएको छ।

बर्दिया जिल्लाभित्र रहेका सबै पालिकाहरूमा भूमिसम्बन्धी समस्या समाधानका लागि विभिन्न चरणमा कार्य अघि बढिरहेको उल्लेख गर्दै यस कार्यलाई यथाशीघ्र निष्कर्षमा पुऱ्याई लामो समयदेखि उक्त क्षेत्रमा बसोबास गर्दै आएका नागरिकहरूको वास्तविक अवस्था पहिचान गर्न आवश्यक रहेको पालिकाहरुको जोड छ।

त्यसपश्चात मात्र बाँकी रहेको जग्गा सरकारले आफ्नो स्वामित्वमा लिनु उपयुक्त हुने जनाएको छ।

यस्तै, सुकुम्बासीको विवरण उपलब्ध गराउन नेपाली सेनाले पठाएको पत्र उपर पनि पालिकाहरंले गम्भीर असन्तुष्टि जनाएका छन्।

'सेनाको पत्रमार्फत बर्दिया जिल्लाका स्थानीय तहहरूमा रहेका सुकुम्बासी बस्तीहरूको अद्यावधिक विवरण माग गरिएको सन्दर्भमा उक्त पत्र प्रचलित कानुनअनुसार आवश्यक विधि र प्रक्रियाको पालना नगरी आएको देखिएकोले यसप्रतिसमेत हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ,' विज्ञप्तिमा भनिएको छ।

संविधान प्रदत्त मौलिक हकहरूको सम्मान गर्दै, सम्बन्धित निकायहरूबीच समन्वय, विधिसम्मत प्रक्रिया र मानवीय दृष्टिकोण अपनाई समस्या समाधानतर्फ अघि बढ्न सम्बद्ध निकायलाई पालिकाहरुले भनेका छन्।


सूचना, समाचार तथा विज्ञापनको लागि ९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला।

सम्पादकीय

# नीति र व्यवस्थापनमा सुदृढीकरण आवश्यक

कर्णाली प्रदेशमा यस वर्ष देखिएको पाठ्यपुस्तक वितरण कार्य शिक्षा क्षेत्रमा सकारात्मक परिवर्तनको संकेत पनि हो । विगतमा शैक्षिक सत्र सुरू भइसकेपछि पनि महिनौँसम्म विद्यार्थीहरूले पुस्तक नपाउने अवस्था सामान्य जस्तै बनेको थियो । दुर्गम भूगोल, कमजोर यातायात सञ्जाल, प्रतिकूल मौसम र समन्वय अभावजस्ता कारणले यस्तो समस्या बारम्बार दोहोरिने गरेको थियो । तर यस वर्ष ती समस्याहरूलाई योजनाबद्ध ढंगले सम्बोधन गरिएको देखिन्छ । समयमै योजना बनाइनु, स्थानीय तहसँग प्रभावकारी समन्वय गरिनु र वैकल्पिक ढुवानीका उपायहरू अपनाइनु यस उपलब्धिका मुख्य आधार हुन् । यसले इच्छाशक्ति र व्यवस्थापन क्षमता बलियो भए दुर्गमता आफैंमा बाधा होइन भन्ने पनि देखाउँछ । कर्णालीजस्तो चुनौतीपूर्ण भूगोलमा पनि समयमै पाठ्यपुस्तक पुऱ्याउन सकिनु राज्य संयन्त्रको सुधारिएको कार्यशैलीको उदाहरण हो । पाठ्यपुस्तक समयमै उपलब्ध हुँदा त्यसको प्रत्यक्ष लाभ विद्यार्थीहरूको सिकाइमा पर्छ । शैक्षिक सत्रको सुरूदेखि नै नियमित पठनपाठन सञ्चालन हुनुले विद्यार्थीमा अध्ययनप्रति रूचि बढाउने मात्र होइन, समग्र शैक्षिक गुणस्तर सुधार गर्ने आधार तयार गर्छ । विगतमा पुस्तक अभावका कारण सिर्जित सिकाइ अन्तर र कमजोर नतिजा जस्ता समस्याहरूलाई यसले न्यून गर्न मद्दत पुऱ्याउने अपेक्षा गर्न सकिन्छ ।

यस वर्ष कर्णाली प्रदेशका सबै जिल्लामा नयाँ शैक्षिक सत्र सुरू हुनु अगावै पाठ्यपुस्तक पुगेको छ । विगतका वर्षहरूमा शैक्षिक सत्र सुरू भएको महिनौँ बितिसक्दा पनि दुर्गम क्षेत्रमा पुस्तक अभाव हुने समस्या यस वर्ष भने धेरै हदसम्म समाधान भएको हो । जनक शिक्षाको प्रादेशिक कार्यालय सुर्खेतका अनुसार मौसम प्रतिकूल र ढुवानी चुनौतीपूर्ण हुने कारण विगतमा पुस्तक वितरणमा ढिलाइ हुने गरेको थियो । विगतमा कर्णालीका हिमाली तथा पहाडी जिल्लामा प्रायः वार्षिक परीक्षा सुरू हुने बेलासम्म पनि विद्यार्थीको हातमा पूरा सेट पाठ्यपुस्तक पुग्दैनथ्यो । परिणामस्वरूप शैक्षिक गुणस्तर खस्कनेमात्र होइन, रिजल्ट समेत अन्य प्रदेशको तुलनामा कर्णालीको कमजोर रहँदै आएको छ । तर पाठ्यपुस्तकको विगतको नियति भने अहिले फेरिएको छ । यो वर्ष शैक्षिक सत्र सुरू हुनु अगावै कर्णालीका जिल्लाहरूमा पाठ्यपुस्तक पुगिसकेको छ । विगतमा वैशाख १ गतेबाट नयाँ शैक्षिक सत्र लागु हुने गरेकोमा यो वर्ष सरकारले कार्यतालिका संशोधन गरेर वैशाख १५ देखि भर्ना अभियान सुरू गरेको छ । यस्तै वैशाख २१ गतेदेखि कक्षा सञ्चालन गर्ने भनिएको छ । तर कर्णालीका जिल्लाहरूमा भर्ना अभियान सुरू हुनुपूर्व नै पहिलो चरणको पाठ्यपुस्तक पुगिसकेको हो । धेरैजसो ठाउँमा पाठ्यपुस्तक करिब ७० प्रतिशत बिक्री पनि भइसकेको जनाइएको छ । जनक शिक्षाको सुर्खेत कार्यालयबाट जिल्ला तथा पालिकामा ५० भन्दा बढी पुस्तक व्यवसायीहरूले किताब पुऱ्याएका हुन् । सुर्खेत कार्यालयबाट हालसम्म सात करोड ६९ लाख ८७ हजार ९१ रूपैयाँ बराबरको पाँच लाख ६६ हजार ८१ वटा पाठ्यपुस्तक बिक्री वितरण गरिएको छ ।

अझै केही अति दुर्गम बस्तीहरूमा पाठ्यपुस्तक ढुवानी चुनौती पूर्णरूपमा हटिसकेको छैन । यसले सुधारको यात्रा जारी नै छ, तर यसलाई दीर्घकालीन रूपमा संस्थागत गर्न आवश्यक छ भन्ने पनि देखाउँछ । समयमै वितरण हुनु मात्र पर्याप्त होइन, यसको निरन्तरता सुनिश्चित गर्न नीति, पूर्वाधार र व्यवस्थापनमा थप सुदृढीकरण आवश्यक छ । सरकारले शैक्षिक सत्रको कार्यतालिका परिमार्जन गरी भर्ना र कक्षा सञ्चालनको समय निर्धारण गरेको सन्दर्भमा पाठ्यपुस्तक समयमै पुग्नु अझ सान्दर्भिक बनेको छ । तर कार्यतालिका परिवर्तनका कारण देखिएको अन्योल हटाउन स्पष्ट सूचना प्रवाह र जनचेतना अभिवृद्धि पनि उत्तिकै आवश्यक देखिन्छ । यस वर्षको उपलब्धिलाई केवल एकपटकको सफलता मानेर सीमित राख्नु हुँदैन । बरू यसलाई संस्थागत गर्दै प्रत्येक वर्ष दोहोरिने अभ्यास बनाइनुपर्छ । कर्णालीमा देखिएको यो सकारात्मक संकेतलाई दिगो उपलब्धिमा रूपान्तरण गर्न सम्बन्धित निकायहरूले दीर्घकालीन योजना, प्रभावकारी कार्यान्वयन र निरन्तर अनुगमनमा विशेष ध्यान दिनु आवश्यक छ ।

# मलाई सरकारसँग डर लाग्यो !



✍ केशव दाहाल

जति बेला सरकार बागमती र मनोहराका सुकुम्बासी बस्तीमा अन्तिम पटक डोजर हान्दै थियो, म भने शिल्पी थिएटरमा एउटा नाटक हेर्दै थिएँ– सिकल सेल ।

यो नाटकमा एक जना सामन्त र एक जना गरिब किसानको सम्बन्ध, द्वन्द्व र अपमानको लामो सिलसिला देखाइएको छ । र, प्रतीकात्मक रूपमा सिकल सेल रोगको बिम्ब स्थापित गरिएको छ ।

कहिल्यै निको नहुने रोग – सिकल सेल ।

निर्धन थारूहरूलाई लाग्ने रोग–सिकल सेल ।

नाटक निकै भावप्रद छ र छ विचारोत्तेजक पनि । नाटकमा एक जना गरिब किसानकी छोरी छ – निकै चलाख, सपना देख्न सिपालु ।

ऊ अनेक सपना देख्छे – मिठो दालभात खाने सपना, भाइलाई जुत्ता किनिदिने सपना । भाइ सिकल सेलको बिरामी छ, उसको उपचार गर्ने सपना । धेरै पढ्ने सपना, पैसा कमाउने सपना ।

आमामाथि मालिकले जबरजस्ती सम्बन्ध राख्छ ।

मालिकको प्रपञ्चमा परेर बिना कारण बाबु जेल पर्छ ।

जीवनमा बयान गर्नै नसकिने दुःख छन् – कति कति । तर पनि ऊ सपना देख्छे ।

उसलाई लाग्छ, आफ्ना पुर्खाहरूले अन्यायविरूद्ध लड्ने सपना नदेखेकै कारण उनीहरू ठगिएका हुन् ।

एक दिन राति, जब दुःखहरू असह्य बन्छन्, आँगनमा आएर बताससँग कुरा गर्दै युवती भन्छे – हे बतास, म कसरी जोगाऊँ मेरा सपना? हे आकाशका तारा, जमिन हाम्रो नभए पनि आकाश त सबैको होइन र?

नाटकमा त्यो युवतीको प्रश्न, सपना र प्रतिरोध हेर्दै गर्दा मलाई भने ती बागमती र मनोहराका वास्तविक सुकुम्बासीहरूको याद आयो, जसको अहिले झुप्रो ढलेको छ । शिर ढलेको छ । इज्जत ढलेको छ । र, सबैभन्दा दुःखद कुरा – सपनाहरू ढलेका छन् ।

नाटक हेरी सिध्याएर घर पुगेपछि मैले सामाजिक सञ्जालमा आएका अनेक समाचार र फोटा हेरेँ ।

कतै वृद्ध आमा आँखाभरि आँसु लिएर आफ्नो ढलेको झुप्रो हेर्दैछिन् ।

कतै सानो बालक आफूले माया गरेर पालेको कुकुर समातेर आकाशमा उडेको धूलो हेर्दैछन् ।

कतै सानी नानी बाख्राको पाठो समातेर उभिएकी छिन् र नजिकै छ – उनको असहाय बिरालो । छेउमा भिड छ, र भिडको बीचमा छ – परिस्थितिसँग डराएको, थकित उसको बाबु ।

मैले फोटोमा ती दम्पती देखेँ, जहाँ नजिकै उनीहरूले दुःखले जोडेको दराज फुटेको छ । त्यतै कतै धूलोमा थाल र बटुका हराएका छन् । र, हराएका छन् छोराछोरीका गुडियाहरू ।

साइरन बजाउँदै प्रहरीहरू कुदाकुद गर्दैछन्, डोजर घर भत्काउँदै छ ।

र, धुवाँको मुस्लो छ बस्तीभर ।

यो के भएको हो – ती साना बालबालिकालाई थाहा छैन ।

मात्र उनीहरूका बाआमा भक्कानिएका छन्, र उनीहरूसँगै भत्किएका छन् ती अबोध नानीहरू ।

फोटो खिच्नेहरू ती अबोध नानीहरूका फोटा खिचिरहेका छन् । र, एउटा युट्युबर निर्दयतापूर्वक सानी नानीलाई प्रश्न सोध्दैछन् अहिले तिमीलाई कस्तो लागेको छ ?

मलाई सोध्न मन लाग्छ – ए मूर्ख मान्छे, के प्रश्न हो यो ?

आफ्नो घर अगाडि ढलेको देख्दा एउटा अबोध मनलाई कस्तो लाग्छ? आँखै अगाडि बाबुआमा भक्कानिएर रोएको देख्दा, उसका सन्तानलाई कस्तो लाग्छ ? आफूले जतन गरेको गुडिया माटोले पुरिँदा, एउटी बालिकालाई कस्तो लाग्छ?

तर त्यहाँ फोटो खिच्नेहरुको कमी थिएन । तमासा हेर्नेहरूको कमी थिएन । टिप्पणी गर्नेहरूको कमी थिएन । हाँसो र ठट्टा गर्नेहरूको कमी थिएन । प्रधानमन्त्रीको जयजयकार गर्नेहरूको कमी थिएन । जो बेघरबार भएका छन्, उनीहरूलाई उल्टै गाली गर्नेहरूको कमी थिएन ।

सबभन्दा खतरनाक कुरा त्यहाँ यो थियो, मान्छेहरू तिनै सुकुम्बासीहरूको हुर्मत लिइरहेका थिए ।

साँझ एउटा टेलिभिजनमा सत्ताधारी दलकै एक जना सांसद भन्दै थिए – काठमाडौंमा मेरो पनि जमिन छैन, के म बसन्तपुरमा टेन्ट टाँगूँ?

हे मन्दबुद्धि महोदय, कसले भन्यो तिमीलाई काठमाडौंमा घर नहुने सबै सुकुम्बासी हुन्?

हे मन्दबुद्धि महाशय, तिमी धनी हौ, सुकुम्बासी होइनौ ।

हे मन्दबुद्धि मान्यवर, यहाँ सुकुम्बासीको कुरा हुँदैछ, व्यापारीको होइन ।

अर्का नेता कुनै 'सी-ग्रेड' युट्युबमा भन्दै थिए, 'यी जो छन्, सबै अतिक्रमणकारी र हुकुम्बासीहरू हुन् ।'

हे मन्दबुद्धि महाशय, को हुकुम्बासी हुन् र को सुकुम्बासी हुन् – छुट्याऊ न त । तिमीसँग राज्य छ, पैसा छ, कर्मचारी छन्, सेवक छन् । काम गर र हुकुम्बासीलाई हटाऊ । तर जो वास्तविक सुकुम्बासी छन्, उनीहरूलाई किन अपमान गर्दै लखेट्छौ?

सोमबार, जब उज्यालो भयो, म लागेँ मनोहरा किनारतिर ।

जहाँ भेटिइन् पर उभिएर आफ्नो भत्किएको घर हेर्दै गरेकी एक वृद्धा ।

उनलाई सोधेँ – आमा, के छ खबर?

उनले खण्डहर बनेको बस्तीतिर देखाउँदै भनिन्, 'त्यो बस्ती जस्तै भत्किएको छ मेरो मन पनि ।'

उनले लामो सास तानिन् र भनिन्, 'आफ्नो कोही रहेनछ यो सहरमा । त्यसैले डर लागेको छ ।'

वास्तवमा त्यहाँ उनीहरूको कोही थिएन । घर ढल्दै गर्दा साथमा उभिन आउने न त पार्टी थियो, न त नेता । हिजो चुनावमा चर्को बोल्ने न रवि लामिछाने त्यता कतै छाती थाप्न आए, न त पुराना दलका नेता कतै देखिए । एउटा चिर्कटो विज्ञप्तिले आफ्नो लाज ढाक्न बानी परेकाहरूलाई यो सबै साधारण थियो, किनभने यो गरिबको कुरा थियो ।

एक जना अधबैंसे महिला थिइन्, वृद्धाको नजिकै ।

उनले आफ्नो दुःखको सिलसिला सुनाउन थालिन् ।

भन्दै थिइन्, 'उता भिरमा घर थियो, पहिरोले लग्यो । खेतबारी त मेरा पुस्तादर-पुस्ताका कतै थिएनन् । घर बगेपछि यता आएर सडकमा तरकारी बेच्थेँ, त्यो पनि नगरपालिकाले खोस्यो । एक-दुई रूपैयाँ गरेर सहकारीमा राखेको बचत कसले खायो, त्यसै हरायो । अहिले घरमा डोजर लाग्यो । तर डोजर मेरो घरमा लागेको होइन, मेरो मनमा लागेको हो ।'

ती वृद्धा र महिला दुवैलाई सुनिरहँदा मलाई लाग्यो – मान्छेलाई परेको दुःखमा पनि कोही चुपचाप टुलुटुलु हेरेर बस्छ भने, त्योभन्दा अश्लील कुरा के हुन्छ?

तर सबै चुपचाप थिए ।

न दल, न त अधिकारवादी, न नागरिक समाज, न नेता । त्यो बिहान मनोहरा किनारमा राजनीतिको अश्लीलता मेरो अगाडि नाँगेझार भएर हाँसिरहेको थियो ।

लगभग आधा घन्टा त्यहाँ बसेर म लागेँ दाहिनेतिर । नजिकै चिया पसलमा मान्छेको भिडभाड थियो ।

मलाई चिन्ने एक जना भाइ आएर एकछिन कुरा गरे र एउटा भिडिओ देखाए ।

सरकारी पार्टीका एक जना नेताको भिडिओ थियो त्यो ।

भिडिओमा नेताजी चर्को स्वरमा सुकुम्बासीहरूलाई गाली गर्दै थिए, 'यी सबै अतिक्रमणकारी हुन् । सबै एमाले र कांग्रेसका मान्छेहरू हुन् ।'

नेताजीको कुरा सुनेर भाइ निकै मुर्मुरिँदै थिए ।

उनले प्रश्न गरे – कसैले रहरले खोला किनारमा घर बनाउँछ दाइ?

उनले थप प्रश्न गरे – के कोही आफ्ना छोराछोरीलाई बाढी, पहिरो र असुरक्षाको बीचमा हुर्काउन चाहन्छ?

उनी भन्दै गए, 'यदि कुनै नेतालाई यो रहर नै हो भन्ने लाग्छ भने, तिनलाई मेरो चुनौती छ - नेताज्यू, एक महिना सुकुम्बासी बनेर देखाऊ । एक महिना त्यो अभाव, त्यो प्रताडना, त्यो अपमान, त्यो हीनताबोध भोगेर देखाऊ । छ हिम्मत? अन्यथा, मान्छेलाई अपमान किन?'

मैले भाइसँग सहमति जनाएँ ।

मलाई लाग्यो – नेपालमा 'सुकुम्बासी समस्या' केवल भूमिको प्रश्न होइन; यो राज्यको संरचना, विकासको मोडल र सामाजिक न्यायसँग गाँसिएको मानवीय प्रश्न हो ।

भूमिहीनता, गरिबी, असमान विकास, रोजगारीको अभाव, शिक्षा र स्वास्थ्यको विभेद – यी सबै कारण मान्छे गाउँबाट सहरतिर धकेलिँदै छन् । त्यसपछि नै सहरले सस्तो श्रम पाउँछ । उसकै पसिनाले सडक बन्छ, घरहरू उठ्छन्, सहर चल्छ ।

तर जब बस्ने ठाउँको कुरा आउँछ, त्यही सहर उसलाई अस्वीकार गर्छ ।

अन्ततः ऊ खोला किनारमा पुग्छ – किनकि त्यो उसको रोजाइ होइन, अन्तिम विकल्प हो ।

तर दुर्भाग्य, यस्तो यथार्थ नबुझी राज्यले सुकुम्बासीलाई अतिक्रमणकारीको लेबल लगाउँछ । उनीहरूलाई जग्गा हडप्ने, सहर फोहोर गर्ने भनेर चित्रित गर्छ । त्यसपछि एउटा जीवित, सार्वभौम, स्वाभिमानी र संघर्षरत मानिसलाई सहरले समस्या ठान्न थाल्छ ।

परिणाम – उसलाई लखेटिन्छ । र, यसैलाई समाधानका रूपमा बुझ्ने गरिएको छ ।

कस्तो दुर्भाग्य?

मनोहरामा ढलेको सुकुम्बासी बस्तीलाई एक फन्को मारेर मूल सडकतिर आउँदै गर्दा, एक जना युवा मलाई नै पछ्याउँदै आइपुगे र हतारहतार अनुरोधको स्वरमा भने, 'सरहरूले पनि केही त बोलिदिनुपर्छ ।'

के बोल्ने – मैले केही नबुझेझैं गरेर सोधेँ ।

उनले भने, 'हाम्रो पक्षमा बोलिदिनुपऱ्यो सर ।'

मैले भनेँ – अनि तपाईंहरूले त सरकारको निर्णय खुरूखुरू मान्नुभयो भन्ने कुरा छ त?

उनले भने, 'कसले भन्यो यो कुरा? हामीलाई जबरजस्ती गरिएको छ । सेना-प्रहरीले घेरेका छन् । हाम्रो घरमाथि डोजर चलेको छ । सबैले हामीलाई शत्रु देखेका छन् । अनेक आरोप लगाइएको छ । यस्तो बेला हामीले के गर्नु सर? अन्यथा, आफ्नो घर भत्काउन कसैले सजिलै मान्छ र?'

मैले सोधेँ – अनि कुनै नारा-जुलुस, विरोध, प्रतिरोध केही भएन?

'सरकारले गोली हान्छ, जेल हाल्छ, जागिर पाइँदैन, जरिवाना तिराउँछ भनियो । बाध्य भएर हात उठायौं,' उनले भने ।

भाइले आफ्नो बाध्यता सुनाए ।

सरकारी मान्छेले भनेझैं, खासमा, सुकुम्बासीहरू सरकारको निर्णयलाई स्वीकार गरिरहेका थिएनन् – बरू डराइरहेका थिए । त्यसरी नै, जसरी कुनै बेला हिटलरको ग्यास च्याम्बरतिर जान पनि मान्छे लुरूलुरू हिँडेका हुन्थे ।

मैले बाघका साथमा मृगको बच्चा लुरूलुरू हिँडेको पनि देखेको छु । तालिबानहरूले समातेका निर्धन र निहत्था मान्छेहरू पनि लुरूलुरू हिँडेको देखिएकै हो ।

यो अर्थमा सुकुम्बासीहरूले सरकारको कुरा मानेका होइनन, सरकारसँग डराएका हुन!

सरकारसँगको उनीहरूको अपनत्व सकिएको हो । सरकारसँगको साइनो टुटेको हो ।

नत्रभने, लोकतान्त्रिक सरकारसँग मान्छे झगडा गर्छन् । सरकारका विरूद्ध नाराबाजी हुन्छ । त्यो यस कारण हुन्छ कि, उनीहरूलाई त्यसो गर्न हिम्मत आउँछ – उनीहरूसँग सरकार र राज्यप्रति स्वामित्व हुन्छ ।

तर जब कसैप्रति स्वामित्व र हिम्मत सकिन्छ, तब यस्तै हुन्छ ।

अवश्य नै, अहिले सुकुम्बासीहरू लुरूलुरू हिँडेको देख्दा मजा आउला ।

तर एक दिन जब सरकार हरेक मान्छेका घरमा पस्न थाल्छ, त्यो बेला पनि मान्छे लुरूलुरू हिँड्नुपर्ने?

यदि कोही यस्तो हो भन्ने सोच्छ भने, यो राजनीतिको सबभन्दा भद्दा अवस्था हो । र, हो लोकतन्त्रको सबैभन्दा अश्लील कल्पना ।

यसको अर्थ यो होइन कि, नदी किनारमा बस्ने मान्छेलाई त्यही राख्नुपर्छ ।

# इरान युद्धले गराउला अमेरिका र युरोपबीच 'डिभोर्स'



✍ गिडियन राकमन

*इरान युद्ध सुरु हुनुभन्दा एक वर्षपहिल्यै अमेरिकाले युरोपेली सहयोगी मुलुकहरूमाथि भन्सार महसुल लगाएको थियो । ट्रम्पले ग्रिनल्यान्डमाथि आक्रमण गर्ने धम्की पनि दिएका थिए ।*



बेलायतको लेकनहिथमा अमेरिकी वायु सेना सन् १९४८ आएको थियो । जर्मनीको रामस्टाइन हवाइ अड्डा १९५० को दशकको सुरुमै स्थापना भएको थियो । आज युरोपममा ४० भन्दा बढी अमेरिकी सैन्य अखडाहरू छन्, जहाँ ८५ हजार हाराहारी अमेरिकी सैनिक बसेका छन् ।

तर, कुनै पनि कुरा सधैँ रहिरहँदैन । र, मेरो जीवनमा पहिलो पटक युरोपमा अमेरिकी सैन्य उपस्थिति पनि अन्त्य हुन सक्छ भन्ने लाग्दैछ ।

तत्कालको बखेडा भनेको इरान युद्ध हो । इरानमा सैन्य कारबाहीका लागि अमेरिकाले स्वीकृति माग्दा युरोपले हिच्किचाहट देखायो, कहिलेकाहीँ अस्वीकार पनि गऱ्यो । यसले डोनाल्ड ट्रम्पलाई क्रुद्ध तुल्याएको छ । उनले युरोपलाई 'काँतर' र 'कागजी बाघ' भन्दै गाली गरे । अमेरिकी विदेशमन्त्री मार्को रुबियोले सिधै सोधे- संकटको घडीमा प्रयोग गर्न नपाउने हो भने अमेरिकाले युरोपमा सैन्य अखडा राख्ने झञ्झट किन बेहोर्नु?

यसको बदलामा इरान युद्ध सकिएपछि युरोपेली सहयोगी मुलुकहरूलाई दिइने सजायको सूचीमाथि ट्रम्प प्रशासनले सोचविचार गरिरहेको बताइन्छ । स्पेनलाई नेटोबाट निकाल्ने र फोकल्यान्ड टापुमाथि बेलायतको अधिकारलाई दिइएको मान्यता फिर्ता लिनेजस्ता कदम चाल्नुपर्ने सुझाव सुनिँदैछ ।

तथापि, ट्रम्प प्रशासनले सम्भवतः बुझ्न नसकेको कुरा के हो भने यो खालको आक्रोश एकतर्फी होइन, दुईतर्फी छ । युरोपेली नेताहरू निकै तिक्तताका साथ र कहिलेकाहीँ सार्वजनिक रूपमै गुनासो पोखिरहेका छन्- अमेरिकाले आफ्ना सहयोगीहरूसँग सल्लाह नै नगरी यो मूर्खतापूर्ण र अवैधानिक युद्ध सुरु गऱ्यो ।

अमेरिकी नेतृत्वमाथि युरोपको विश्वास पनि हालसम्मकै कमजोर विन्दुमा झरेको छ । यो स्वाभाविक पनि हो किनकि अमेरिकाका कमान्डर इन चिफ जिसस क्राइस्टको स्वरूपमा आफ्नो तस्बिर पोस्ट गर्छन् अनि सिंगो सभ्यता मेटाइदिने धम्की दिन्छन् ।

इरान युद्ध सुरु हुनुभन्दा एक वर्षपहिल्यै अमेरिकाले युरोपेली सहयोगी मुलुकहरूमाथि भन्सार महसुल लगाएको थियो । ट्रम्पले ग्रिनल्यान्डमाथि आक्रमण गर्ने धम्की पनि दिएका थिए । यसले युरोपेली सैनिकहरूले अमेरिकी सैनिकसँग लडाइँ लड्नुपर्ने रिंगटा छुटाउने सम्भावनाको ढोका खोलिदिएको थियो ।

पोलिटिकोले यसै महिना गरेको सर्वेक्षणले स्पेन, इटली, फ्रान्स र जर्मनीमा अमेरिकालाई 'निकट सहयोगी' भन्दा खतरा मान्ने मान्छेको संख्या बढी छ । स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजले अमेरिकी विदेश नीतिको चर्को आलोचना गरेर आफ्नो राजनीतिक भविष्य ब्युँताएका छन् । पोल्यान्ड र जर्मनीजस्ता कट्टर अमेरिकी समर्थक मुलुकका नेता समेत खुलेआम वासिङ्टनको नेतृत्वमाथि प्रश्न उठाइरहेका छन् ।

दोस्रो युद्धयता युरोपमा अमेरिकाको उपस्थिति वासिङ्टनले थोपरेको होइन, युरोपेलीहरूले निम्त्याएका हुन् । तर अब केही युरोपेलीहरू त्यो निमन्त्रणा फिर्ता लिन लालायित हुँदैछन् ।

उसोभए युरोपमा अमेरिकी सैन्य उपस्थिति घट्दा अमेरिकालाई ज्यादा घाटा होला कि युरोपलाई?

अमेरिकाको हकमा यो धेरै हदसम्म वासिङ्टन युरोप, मध्यपूर्व र अफ्रिकामा आफ्नो शक्ति प्रदर्शन गर्न चाहन्छ कि चाहँदैन भन्नेमा भर पर्छ । आन्ध्र महासागरको दुवैतर्फका राजनीतिक चालबाजीका बाबजुद यथार्थ के हो भने इरान युद्धमा अमेरिकाले युरोपेली सैन्य अखडाहरूको भरपूर प्रयोग गरिरहेको छ । इरानी भूमिमा खसेका र त्यसपछि उद्धार गरिएका पाइलट सम्भवतः बेलायतका लेकनहिथबाट उडेका थिए ।

आफूलाई युरोपमा रहेका सैन्य अखडाहरू अब कहिल्यै चाहिँदैन भन्ने भरोसा भयो भने अमेरिकाले ती अखडा बन्द गराउन सक्छ । तर, पछिल्ला दशकमा मध्यपूर्व र बाल्कनमा अमेरिकी सैन्य हस्तक्षेपको क्रमलाई हेर्ने हो भने अहिलेको इरान युद्ध अमेरिकाको अन्तिम हस्तक्षेप हो भनेर मान्न सकिन्न । युरोपले अमेरिकासँग किन्ने हतियार र अन्य सरसामान अमेरिकाको निरन्तर सुरक्षा ग्यारेन्टीसँग जोडिएको छ । अमेरिकाको सुरक्षा प्रतिबद्धतामा शंका बढिरहँदा युरोपकै किनौँ भन्ने अभियानले गति पक्रेको छ ।

अमेरिकीहरूलाई अलविदा भन्नु युरोपका लागि पनि निकै जोखिमपूर्ण छ । रुस युक्रेनमा अहिले पनि युद्ध लडिरहेको छ । पोल्यान्डका प्रधानमन्त्री डोनाल्ड टस्कले त केही महिनाभित्रै रुसले नेटो भूमिमा आक्रमण गर्न सक्ने चेतावनी दिएका छन् । केही महिनामा नभए पनि केही वर्षमै रुसले आक्रमण गर्नसक्ने चेतावनी बर्लिन र लन्डनका नेताहरूले पनि दिइरहकै छन् । टस्कले औँल्याएजस्तै ट्रम्पको नेतृत्वमा अमेरिकाले नेटोको पारस्परिक रक्षाको सर्त पालना गर्नेमा शंका बढ्दो छ ।

यतिबेला अमेरिकाको सहयोगबिना युरोपले रुससँगको युद्धमा आफ्नो रक्षा गर्न नसक्ने चेतावनी नेटोका महासचिव मार्क रुटले दिएका छन् । उनी जुनसुकै मूल्यमा पनि ट्रम्पलाई खुसी राख्ने प्रयासमा छन् ।

केही युरोपेली नेताहरू रुटभन्दा ज्यादा आशावादी छन् । उनीहरू युरोपले आफ्नो रक्षा आफैँ गर्न सक्छ भन्ने ठान्छन् । युक्रेनमा रुसी सेनाको सैन्य प्रदर्शन खास गतिलो नभएको तथ्य उनीहरू औँल्याउँछन् । यो सत्य भए पनि हाल जुनसुकै युद्धका लागि पनि अत्यन्त आवश्यक हुने सैन्य क्षमतामा युरोप अमेरिकामाथि निर्भर छ । जसमा हवाइ प्रतिरक्षा, गुप्तचर स्रोत र तत्काल अग्रमोर्चामा ठूलो संख्यामा फौज उतार्ने विमान पर्दछन् । यी कमी पूरा गर्न युरोपलाई वर्षौं लाग्न सक्छ । त्यसमाथि नेटोको कमान्ड संरचना पनि अमेरिकालाई केन्द्रमा राखेर बनाइएको छ ।

यी सबै कारणले गर्दा अमेरिकी राष्ट्रपतिलाई चुपचाप आफ्नो बाटो लाग भन्ने इच्छा हुँदाहुँदै पनि युरोपेली नेताहरू त्यसो भन्न सक्दैनन् । अर्कोतिर ट्रम्प प्रशासनले युरोपविरुद्ध बदला लिने दिवास्वप्न जति धेरै देखे पनि युरोपमा रहेका सबै सैन्य अखडा एकैपटक बन्द गर्ने कुरा त्यसमा समावेश छैन । तसर्थ आफूहरू एउटा दुखिया विवाह बन्धनमा बाँधिएको तथ्य आन्ध्र महासागरका दुवै किनाराले बुझेको देखिन्छ ।

अमेरिका र युरोप दुवैका लागि औपचारिक छोडपत्र अझै पनि निकै टाढाको कुराजस्तो लाग्छ । तर, दुवै पक्षले यस्ता कुरा भनिरहेका र गरिरहेका छन्- जुन न सजिलै बिर्सिन सकिन्छ, न फिर्ता लिन । बिहेमा जस्तै गठबन्धनमा पनि यो निकै खतरनाक स्थिति हो ।

# नि:शुल्क आँखा जाँच शिविर

कान्क्रेविहार संवाददाता
सुर्खेत, १६ वैशाख

नेपाल पत्रकार महासंघ सुर्खेत शाखाको ३५औँ स्थापना दिवसका अवसरमा आयोजना गरिएको नि:शुल्क आँखा जाँच शिविर सम्पन्न भएको छ।




शाखाको आयोजना तथा प्रदेश अस्पताल सुर्खेतको प्राविधिक सहयोगमा सञ्चालन गरिएको उक्त शिविरमा स्थानीय सर्वसाधारण, पत्रकार तथा विभिन्न पेशा-व्यवसायमा आबद्ध व्यक्तिहरूको सहभागिता रहेको थियो।

स्थापना दिवसलाई केवल औपचारिक कार्यक्रममै सीमित नराखी सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राख्दै आयोजना गरिएको यस शिविरले समुदायमा सकारात्मक सन्देश प्रवाह गरेको जनाएको छ।

शिविरमा सहभागीहरूले नि:शुल्क रूपमा आँखा परीक्षण गराउनुका साथै विशेषज्ञ चिकित्सकबाट आवश्यक स्वास्थ्य परामर्श समेत लिएका थिए।

प्रदेश अस्पताल सुर्खेतबाट खटिएको अनुभवी स्वास्थ्यकर्मी तथा प्राविधिक टोलीले आधुनिक उपकरणको प्रयोग गरी सहभागीहरूको दृष्टि परीक्षण गरेको थियो।

परीक्षणका क्रममा मोतिबिन्दु, आँखाको संक्रमण, दृष्टि कमजोर हुने लगायतका विभिन्न समस्या पहिचान गरिएको थियो।

सामान्य समस्या भएका बिरामीलाई औषधि तथा आवश्यक सल्लाह प्रदान गरिएको थियो भने जटिल समस्या देखिएका केही बिरामीलाई थप उपचारका लागि अस्पतालमा रिफर गरिएको जानकारी आयोजकले दिएको छ।

शिविरमा ठूलो सङ्ख्यामा सेवाग्राहीको उपस्थिति रहेकोले कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन भएको महासंघले जनाएको छ।

विशेषगरी ग्रामीण क्षेत्रबाट आएका सर्वसाधारणले सहज रूपमा विशेषज्ञ सेवा प्राप्त गर्न पाएको भन्दै खुसी व्यक्त गरेका थिए।

सहभागीहरूले यस्तो प्रकारका कार्यक्रमले आर्थिक रूपमा कमजोर वर्गलाई राहत मिल्नुका साथै समयमै रोग पहिचान गर्न सहयोग पुग्ने बताएका छन्।

नेपाल पत्रकार महासंघ सुर्खेत शाखाका पदाधिकारीहरूले स्थापना दिवसलाई समाज सेवामुखी बनाउने उद्देश्यले यस्ता कार्यक्रम आयोजना गरिएको स्पष्ट पारेका छन्।

उनीहरूले आगामी दिनहरूमा पनि शिक्षा, स्वास्थ्य तथा जनचेतनामूलक कार्यक्रमहरूलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेका छन्।

यस प्रकारका नि:शुल्क स्वास्थ्य शिविरले समुदायमा स्वास्थ्य प्रति सचेतना अभिवृद्धि गर्नुका साथै समयमै रोग पहिचान र उपचारमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिइएको छ।

# सामुदायिक विद्यालयद्वारा घरदैलो भर्ना अभियान सुरू

कान्क्रेविहार संवाददाता
जाजरकोट, १६ वैशाख

जिल्लाका सामुदायिक विद्यालयहरूले विद्यार्थी संख्या वृद्धि गर्ने उद्देश्यले घरदैलो भर्ना अभियान सुरु गरेका छन्।



नयाँ शैक्षिक सत्र मङ्गलबार देखि सुरु भएसँगै विद्यालयहरूले भर्ना दर बढाउने लक्ष्यसहित अभियान सञ्चालनमा ल्याएका हुन्। भेरी नगरपालिका १३ कुदुस्थित श्री भगवती माध्यमिक विद्यालयले औपचारिक रूपमा घरदैलो अभियान प्रारम्भ गरेको जनाएको छ।

विद्यालयका शिक्षक, कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीहरू सक्रिय रूपमा घरघरमा पुगेर बालबालिकालाई विद्यालयमा भर्ना गराउने काममा जुटेका छन्।

विद्यालयकी शिक्षिका ज्योति कार्कीका अनुसार पछिल्लो समय सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दै गएको छ।

बालबालिका विद्यालय बाहिर नरहून् भन्ने उद्देश्यले अभिभावकसँग प्रत्यक्ष सम्पर्क गरेर भर्ना गराउने प्रयास गरिएको उनले बताए।

नजिकै निजी (बोर्डिङ) विद्यालय तथा अन्य प्राथमिक विद्यालयहरू रहेकाले प्रतिस्पर्धा बढ्दा विद्यार्थी संख्या घटेको उनको भनाइ छ।

अभियानको पहिलो चरणमा एक वडामा मात्रै घरदैलो गरिएको र पहिलो दिनमै करिब सात जना नयाँ विद्यार्थी भर्ना भएको विद्यालयले जनाएको छ।

गत वर्ष भर्ना हुन नसकेका बालबालिकालाई प्राथमिकतामा राखेर अभियान सञ्चालन गरिएको हो। विद्यालयले आगामी दिनमा अभियानलाई अन्य वडामा पनि विस्तार गर्ने योजना बनाएको छ।

साथै अभिभावकलाई विद्यालयमा उपलब्ध शैक्षिक वातावरण, पूर्वाधार तथा गुणस्तरीय शिक्षाबारे जानकारी गराउँदै सामुदायिक विद्यालयप्रति विश्वास बढाउने प्रयास गरिएको छ।

गत वर्ष उक्त विद्यालयमा तिन सय १९ जना विद्यार्थी अध्ययनरत रहेका थिए। यस वर्ष भने घरदैलो अभियानका कारण विद्यार्थी संख्या बढ्ने अपेक्षा गरिएको विद्यालय प्रशासनले जनाएको छ।

# विद्यालयमा कम्प्युटर ल्याब स्थापना



कान्क्रेविहार संवाददाता
हुम्ला, १६ वैशाख

हुम्ला जिल्लाका दुई वटा माध्यमिक विद्यालयमा कम्प्युटर ल्याब स्थापना गरी सञ्चालनमा ल्याइएको छ। विद्यालयमा अध्ययनरत विद्यार्थीलाई सूचना तथा सञ्चार प्रविधिसँग जोड्दै प्रविधिमैत्री शैक्षिक वातावरण निर्माण गर्ने उद्देश्यले आवश्यक आईसीटी सामग्री सहयोग गरिएको हो। सिमकोट गाउँपालिका अन्तर्गतका कैलाश माध्यमिक विद्यालय डाँडाफया र मानसरोवर माध्यमिक विद्यालयमा ल्याब स्थापना गरी औपचारिक रूपमा हस्तान्तरण गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विनोद विकले जानकारी दिए।

उनका अनुसार दुवै विद्यालयमा गरी ५० थान कम्प्युटर तथा आवश्यक अन्य प्राविधिक सामग्री जडान गरी सञ्चालनमा ल्याइएको छ। कैलाश माध्यमिक विद्यालयमा २१ थान कम्प्युटर, इन्टरनेट जडान तथा आवश्यक उपकरणसहित ल्याब सञ्चालनमा ल्याइएको छ भने मानसरोवर माध्यमिक विद्यालयमा २९ थान कम्प्युटर, ब्याकअप प्रणाली तथा अन्य सामग्रीसहित सुविधा सम्पन्न ल्याब स्थापना गरिएको छ।

सिमकोट गाउँपालिकाका लेखा अधिकृत विशाल बोहराका अनुसार ल्याब जडान तथा हस्तान्तरण कार्य सफलतापूर्वक सम्पन्न भइसकेको छ।

उनले यस्ता प्रविधिमैत्री कार्यक्रमले विद्यालयस्तरमा गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरे।

विद्यार्थीहरूलाई व्यवहारिक ज्ञान, डिजिटल सीप तथा आधुनिक प्रविधिको प्रयोगमा अभ्यस्त बनाउन यसले सहयोग पुग्ने अपेक्षा गरिएको छ। उक्त कार्यक्रम कर्मा फाउन्डेसन, एडुटेक नेपाल र वार्म नेस्ट फाउन्डेसनको आर्थिक सहयोगमा सम्पन्न गरिएको हो।

ल्याब स्थापनाका लागि आवश्यक फर्निचर तथा भौतिक व्यवस्थापन सिमकोट गाउँपालिकाले उपलब्ध गराएको जनाएको छ। सिमकोट गाउँपालिकाको समन्वयमा सम्पन्न हस्तान्तरण कार्यक्रममा सहयोगी निकायका प्रतिनिधि, विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा स्थानीय सरोकारवालाहरूको उपस्थिति रहेको थियो।

सहभागीहरूले यस्तो पहलले दुर्गम क्षेत्रका विद्यार्थीलाई प्रविधिसँग जोड्दै शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने विश्वास व्यक्त गरेका छन्।

# खाद्य व्यवस्था कम्पनीद्वारा गहुँ खरिद कार्य सुरू



कान्क्रेविहार संवाददाता
धनगढी, १६ वैशाख

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड प्रादेशिक कार्यालय धनगढीले कैलालीमा गहुँ खरिद प्रक्रिया सुरु गरेको छ।

कम्पनीले मंगलबारदेखि जिल्लाका दुई स्थान मोहनपुर र टीकापुर गोदाममार्फत किसान तथा कृषिसम्बन्धी सहकारीबाट गहुँ खरिद सुरु गरेको हो।

कार्यालय प्रमुख दीपक थापाका अनुसार सरकारले निर्धारण गरेको न्यूनतम समर्थन मूल्यभन्दा बढी दरमा गहुँ खरिद सुरु गरिएको छ।

सरकारले प्रति क्विन्टल तिन हजार नौ सय ४५ रुपैयाँ तोकेकोमा खाद्य कम्पनीले किसानलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रति क्विन्टल चार हजार दुई सय ५० रुपैयाँमा खरिद गरिरहेको छ।

उनका अनुसार जिल्लाका लागि यस वर्ष १० हजार क्विन्टल गहुँ खरिद कोटा निर्धारण गरिएको छ। प्रतिकिसान अधिकतम ७० क्विन्टल र कृषिसम्बन्धी सहकारीबाट अधिकतम पाँच सय क्विन्टलसम्म गहुँ खरिद गर्ने योजना रहेको उनले जानकारी दिए।

कम्पनीले स्थानीय तहहरूले आवश्यक गोदाम उपलब्ध गराए जिल्लाका अन्य स्थानबाट पनि गहुँ खरिद विस्तार गर्ने तयारी गरेको जनाएको छ। यसले किसानलाई उचित मूल्य सुनिश्चित गर्न र उत्पादन बिक्रीमा सहजता ल्याउने अपेक्षा गरिएको छ।

# बैंकले दियो किसानलाई वित्तीय साक्षरता तालिम

कान्क्रेविहार संवाददाता
सल्यान, १६ वैशाख

नबिल बैंक लिमिटेड दार्मा शाखाले बाख्रा पालन व्यवसायमा संलग्न किसानलाई लक्षित गर्दै दुई दिने सीपमूलक वित्तीय साक्षरता तथा उद्यमशीलता विकास तालिम प्रदान गरेको छ।

दार्मा गाउँपालिकाको सहकार्यमा वैशाख १० र ११ गते गाउँपालिकाको सभा हलमा सञ्चालन गरिएको उक्त तालिममा ५५ जना किसानको सहभागिता रहेको थियो।

तालिमको उद्घाटन सत्रमा दार्मा गाउँपालिकाका अध्यक्ष निमबहादुर केसीले यस्ता कार्यक्रमले किसानहरूको क्षमता विकाससँगै वित्तीय साक्षरतामा उल्लेखनीय सुधार ल्याउने विश्वास व्यक्त गरे।

उनले आगामी दिनमा पनि नबिल बैंकसँग सहकार्य गर्दै यस्ता कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता जनाए।

त्यसैगरी समापन सत्रमा गाउँपालिकाकी उपाध्यक्ष जुना मल्ल चन्दले बाख्रा पालन व्यवसायलाई व्यवस्थित र व्यावसायिक बनाउन तालिमले महत्वपूर्ण योगदान पुऱ्याउने उल्लेख गर्दै आगामी दिनमा अझै प्रभावकारी कार्यक्रम सञ्चालन गर्न आग्रह गरिन्।




नबिल बैंकका अनुसार तालिममा बचत, बजेट निर्माण, ऋण व्यवस्थापन, डिजिटल वित्तीय साक्षरता, बिमा तथा लगानीका विकल्पबारे प्रयोगात्मक ज्ञान प्रदान गरिएको थियो।

ग्रामीण क्षेत्रमा वित्तीय पहुँच विस्तार गर्दै उद्यमशीलता विकासमार्फत आत्मनिर्भरता बढाउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको बैंकले जनाएको छ।

तालिममा पशु सेवा शाखा प्रमुख समीर न्यौपानेले बाख्रा पालनको महत्त्व, उन्नत जात छनोट, खोर व्यवस्थापन, आहार तथा प्रजनन व्यवस्थापन र रोग नियन्त्रणसम्बन्धी विषयमा प्रशिक्षण दिएका थिए।

साथै पशु स्वास्थ्य प्राविधिक कर्णबहादुर बुढाथोकीले घाँस खेती, दाना तयारी, परजीवी नियन्त्रण तथा मिनरल ब्लक प्रयोगबारे व्यवहारिक जानकारी गराएका थिए।

सहभागी किसानहरूले तालिमबाट वित्तीय व्यवस्थापन, बजारीकरण तथा व्यवसायिक अवसर पहिचान गर्ने सीप हासिल गरेको जनाइएको छ।

नबिल बैंकले सामाजिक उत्तरदायित्वअन्तर्गत यस्ता कार्यक्रममार्फत ग्रामीण क्षेत्रमा उद्यमशीलता प्रवर्द्धन गर्दै दिगो आर्थिक विकासमा योगदान पुऱ्याउने लक्ष्य राखेको जनाएको छ।

नेपालको अग्रणी वाणिज्य बैंक नबिल बैंकले सामाजिक उद्यमशीलता विकास, रोजगारी सिर्जना तथा समुदाय सशक्तीकरणलाई प्राथमिकतामा राख्दै विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ।

# बत्ती नपुगेपछि बस्ती अन्धकारमा

कान्क्रेविहार संवाददाता
जुम्ला, १६ वैशाख

जुम्लाको तिला गाउँपालिका छ स्थित दुर्गम रिपि गाउँमा विद्युत् पोल गाडिएको झण्डै एक वर्ष बितिसक्दा पनि अझै बत्ती बाल्न नसकिएको छ।

पूर्वाधार तयार देखिए पनि विद्युत् सेवा सञ्चालन नहुँदा स्थानीयवासी अन्धकारमै जीवन बिताउन बाध्य भएका छन्। बिजुली अभावका कारण गाउँका बासिन्दा अझै झरो र टुकीको भरमा निर्भर छन्।

साँझ परेपछि आवतजावत गर्न कठिन हुने र बालबालिकाको पठनपाठनमा समेत असर परेको स्थानीयहरू बताउँछन्।

टुकी र झरोको धुवाँले स्वास्थ्यमा समेत नकारात्मक प्रभाव पारिरहेको उनीहरूको गुनासो छ। उज्यालोको अभावले विद्यार्थीलाई राति अध्ययन गर्न समस्या भइरहेको छ भने मोबाइल तथा अन्य विद्युतीय उपकरण चार्ज गर्न टाढा जानुपर्ने बाध्यता छ।

यसले सूचना र सञ्चारको पहुँचमा समेत अवरोध सिर्जना गरेको छ। स्थानीय तह सञ्चालनमा आएको आठ वर्ष बितिसक्दा र गाउँमा पोल गाडिएको एक वर्ष नाघ्दा पनि विद्युत् सेवा नपुग्नुले स्थानीय निराश बनेका छन्।

बत्ती अभावकै कारण गाउँमा साना उद्योग, कुटानी-पिसानी मिलजस्ता आर्थिक गतिविधि सञ्चालन हुन सकेका छैनन्। यसले स्थानीयको आयआर्जनमा प्रत्यक्ष असर पारेको स्थानीय गोरबहादुर रावतले बताए।

उनका अनुसार गाउँमा सडक सुविधा समेत नपुगेकाले जनजीवन थप कष्टकर बनेको छ। गाडिएका अधिकांश पोल जीर्ण बन्दै गएको भए पनि विद्युत् विस्तारको काम अघि नबढेको उनको भनाइ छ।

भौगोलिक रूपमा विकट मानिने रिपि गाउँमा अझै सडक सञ्जाल नपुगेकाले स्थानीयहरू आवतजावतका लागि पैदल यात्रा गर्न बाध्य छन्।

दैनिक उपभोग्य सामग्री समेत पिठ्युँमा बोकेर ल्याउनुपर्ने अवस्था रहेको छ। नजिकको सेरीबजार पुगेर सामान खरिद गर्दा समेत अत्यन्त कठिनाइ हुने गरेको स्थानीयहरू बताउँछन्।

स्थानीयहरूले आधारभूत आवश्यकताभित्र पर्ने विद्युत् र सडक सेवा शीघ्र विस्तार गर्न सम्बन्धित निकायसँग माग गरेका छन्।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# कर्णालीमा वन्यजन्तु द्वन्द्व न्यूनीकरण योजना



❒ **काँक्रेविहार संवाददाता**
सुर्खेत, १६ वैशाख

कर्णाली प्रदेश सरकारले मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्न नयाँ योजना निर्माण गर्ने तयारी थालेको छ।

आगामी आर्थिक वर्षदेखि कार्यक्रमलाई अझ प्रभावकारी रूपमा कार्यान्वयन गर्ने लक्ष्यसहित विभिन्न सरोकारवाला निकायसँग छलफल भइरहेको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले जनाएको छ।

गत आर्थिक वर्ष २०८१/८२ देखि सुरु गरिएको उक्त कार्यक्रम प्रभावकारी देखिएपछि केही सुधार सहित आगामी वर्षमा विस्तार गरिने तयारी गरिएको मन्त्रालयका सूचना अधिकारी महेश नेपालीले जानकारी दिए।

उनका अनुसार वन क्षेत्रको विनाश बढ्दै जाँदा वन्यजन्तुका लागि आहाराको अभाव सिर्जना भएको छ, जसका कारण उनीहरू बस्ती क्षेत्रमा प्रवेश गर्न थालेका छन्। यसले खेतीबाली नष्ट गर्ने तथा मानवमाथि आक्रमण गर्ने घटना बढ्दै गएको उनले बताए। द्वन्द्व न्यूनीकरणका लागि वन्यजन्तुको आहाराका लागि उपयुक्त प्रजातिका बिरुवा रोप्ने तथा वन क्षेत्रबीचको कोरिडोर कनेक्टिभिटी संरक्षण गर्ने योजना अघि सारिएको छ।

विशेषगरी भेरी र कर्णाली कोरिडोरलाई लक्षित गरी कार्यक्रम सञ्चालन गरिने मन्त्रालयले जनाएको छ। अव्यवस्थित पूर्वाधार निर्माण र अध्ययनबिनाका सडक विस्तारले वन्यजन्तुको प्राकृतिक वासस्थानमा असर परेको निष्कर्षसमेत निकालिएको छ।

प्रदेश सरकारले घाइते तथा टुहुरा वन्यजन्तुको उद्धार, उपचार र पुनःस्थापनाका लागि वन्यजन्तु उद्धार केन्द्र स्थापना गर्ने योजना पनि अघि बढाएको छ।

साथै वन्यजन्तु आक्रमणबाट प्रभावित नागरिकलाई राहत वितरण कार्यलाई निरन्तरता दिइएको छ। हालसम्म बाघ र बँदेलको आक्रमणबाट मृत्यु भएका तीन जना तथा घाइते नौ जनालाई राहत उपलब्ध गराइएको जनाइएको छ।

बँदेलको आक्रमणबाट ज्यान गुमाएका ४५ वर्षीय पदमबहादुर विष्टको परिवारलाई साढे १० लाख रुपैयाँ राहत प्रदान गरिएको छ।उक्त रकममध्ये १० लाख कर्णाली प्रदेश सरकारबाट र ५० हजार राष्ट्रिय प्रकृति संरक्षण कोष, बर्दियाबाट उपलब्ध गराइएको कर्णाली प्रदेश वन निर्देशनालयका निर्देशक शेरबहादुर श्रेष्ठले जानकारी दिए।

अन्य पीडित परिवारलाई पनि निर्देशिकाबमोजिम राहत वितरण गरिएको उनको भनाइ छ। वन्यजन्तुबाट हुने क्षतिको राहत वितरणलाई व्यवस्थित र सरल बनाउन 'वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८०' लागू गरिएको छ।

यसअनुसार मानव तथा अन्नबालीमा क्षति पुर्‍याउने १६ प्रकारका वन्यजन्तुबाट प्रभावितलाई राहत दिने व्यवस्था गरिएको मन्त्रालयले जनाएको छ। प्रदेश सरकारले दीर्घकालीन रूपमा मानव र वन्यजन्तुबीचको द्वन्द्व न्यूनीकरण गर्दै दुवैको सहअस्तित्व सुनिश्चित गर्ने लक्ष्य लिएको जनाएको छ।

# छैठौं रारा ट्रेल रनको आयोजना

❒ **काँक्रेविहार संवाददाता**
मुगु, १६ वैशाख

कर्णाली प्रदेशको प्रमुख पर्यटकीय गन्तव्य रारा तालमा 'छैठौं रारा ट्रेल रन' प्रतियोगिता वैशाख ३० गतेदेखि आयोजना हुने भएको छ।

खेलकुदमार्फत प्रदेश तथा राष्ट्रिय स्तरका खेलाडी उत्पादन गर्ने र रारा क्षेत्रको पर्यटन प्रवर्द्धन तथा प्रचार-प्रसार गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको हो।



नेपाली सेना हनुमानध्वज गुल्म रारा हुदुको सहजीकरणमा आयोजना हुने उक्त प्रतियोगितामा पिएलओ, एलिभेट इनर्जी, छायाँनाथ रारा नगरपालिका, मुगुम कार्मारोङ गाउँपालिका र कार्की एग्रोफार्मको आर्थिक सहयोग रहने छ।

गुल्मपति खड्कबहादुर श्रेष्ठका अनुसार प्रतियोगितामा सहभागी हुन इच्छुक खेलाडीले वैशाख १० गतेदेखि ३० गतेको बिहानसम्म नाम दर्ता गरिसक्नुपर्नेछ।

प्रतियोगितामा प्रथम हुनेलाई ५० हजार, द्वितीयलाई ३० हजार र तृतीयलाई २० हजार रुपैयाँ पुरस्कार प्रदान गरिनेछ।

१६ किलोमिटर दूरीको ट्रेल रन रारा ताल वरिपरि आयोजना गरिनेछ। रारा क्षेत्रको प्राकृतिक सौन्दर्यसँगै खेल पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास आयोजकले लिएको छ।

# न्यायिक समितिबाट अधिकांश मुद्दा मिलापत्रमै समाधान

❒ **काँक्रेविहार संवाददाता**
डोल्पा, १६ वैशाख

त्रिपुरासुन्दरी नगरपालिकाको न्यायिक समितिले पछिल्ला चार आर्थिक वर्षमा न्याय सम्पादनलाई छिटो छरितो र प्रभावकारी बनाउँदै उल्लेखनीय उपलब्धि हासिल गरेको जनाएको छ।

समितिका अनुसार आर्थिक वर्ष २०७९/०८० देखि हालसम्म कुल ४९ वटा मुद्दा दर्ता भएका छन्, जसमध्ये ३३ वटा मिलापत्रमार्फत समाधान गरिएका छन् भने १० वटा आपसी सहमतिमा टुंग्याइएका छन्।

बाँकी छ वटा मुद्दा प्रक्रियामै रहेका छन्। आर्थिक वर्ष २०७९/०८० मा लेनदेनका पाँच र झैझगडाका एक गरी पाँच वटा मुद्दा दर्ता भई सबै मिलापत्र मार्फत टुंगिएका थिए।

त्यसपछि २०८०/०८१ मा मुद्दाको संख्या बढेर २३ पुगेको थियो, जसमा लेनदेनका २०, पशुचौपाया सम्बन्धी दुई तथा बेवारिस घोडासम्बन्धी एक मुद्दा रहेका थिए।

तीमध्ये अधिकांश छलफल र समन्वयमार्फत समाधान गरिएको समितिले जनाएको छ। त्यसैगरी आर्थिक वर्ष २०८१/०८२ मा १५ वटा लेनदेनसम्बन्धी मुद्दा दर्ता भएका थिए।

१२ वटा मिलापत्र भइसकेका छन् भने तिन वटा प्रक्रियामा छन्। चालु आर्थिक वर्ष २०८२/०८३ मा हालसम्म पाँच वटा मुद्दा दर्ता भएका छन्, जसमध्ये तिन वटा मिलापत्र भइसकेका छन् भने दुई वटा प्रक्रियामा रहेका छन्।

न्यायिक समितिले स्थानीय तहमै विवाद समाधानलाई प्राथमिकता दिँदै नगरपालिकाका सबै ११ वटै वडामा मेलमिलापकर्ता छनोट गरी क्षमता अभिवृद्धि तथा कानुनी सचेतनामूलक तालिम सञ्चालन गरेको छ।

यसबाट समुदायमै विवाद समाधान गर्ने संस्कृतिलाई सुदृढ बनाइएको समितिको दाबी छ। बालविवाह न्यूनीकरणका लागि स्याक नेपालसँग सहकार्य गर्दै विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेका छन्।

जनसंख्याको आधारमा बजेट तथा कार्यक्रम विनियोजन गर्ने अभ्यासले सेवा प्रवाहमा सन्तुलन ल्याएको पनि नगरपालिकाले जनाएको छ।

न्यायिक समितिले असहाय, गरिब तथा विपन्न नागरिकलाई आर्थिक सहयोग गर्ने नीति अनुसार १० हजार रुपैयाँसम्म सहयोग उपलब्ध गराउने व्यवस्था गरेको छ।

चालु आर्थिक वर्षमा एक जनाले निवेदन दिएको भए पनि आवश्यक कागजात अपुग हुँदा प्रक्रिया अघि बढिरहेको जनाइएको छ।

उपमेयर तथा न्यायिक समिति संयोजक देवी घर्तीले न्यायिक सेवामा पारदर्शिता, सहज पहुँच र छिटो निर्णयलाई प्राथमिकतामा राखेर काम भइरहेको बताइन्।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति** : २०८३/१/१७

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री देवीकुमारी चालिसे** धनी रहेको, **दर्ता नम्बर** १६९४/०६९/०७० बाट **वीरेन्द्रनगर न.पा.-६ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **हिमाल डेरी उद्योग** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

जातीय भेदभाव उन्मूलन गरौं।

- सबै मानिस समान हुन्,
- समावेशी समाज निर्माणमा सबैको समान सहभागिता सुनिश्चित गरौं,
- भेदभावविरुद्ध आवाज उठाउँदै न्याय र समानताको पक्षमा पैरवी गरौं,
- विद्यालय, कार्यस्थल र समुदायमा समान व्यवहार अपनाऔं,
- मानव अधिकारको सम्मान र संरक्षण गरौं,
- विभेदजन्य व्यवहार, घृणा र पूर्वाग्रह त्यागौं,
- सामाजिक सद्भाव, सहिष्णुता र आपसी सम्मान बढाऔं,
- कानुन र नीतिहरूको पालना गर्दै विभेदमुक्त वातावरण बनाऔं,
- नयाँ पुस्तामा समानता र मानवताको मूल्य सिकाऔं।

*जातजाति, सम्प्रदाय, लिङ्ग, भाषा वा धर्मका आधारमा हुने विभेदको अन्त्य गरौं।*

नेपाल सरकार
विज्ञापन बोर्ड

घर घरमा हुलाक, मन मनमा हुलाक

छिटोछरितो, सस्तो, भरपर्दो र विश्वसनीय द्रुत हवाई डाँकसेवा (Air Ems) प्रयोग गरी चिठीपत्र, कागजात र सामानहरू स्वदेश तथा विदेशमा आदान-प्रदान गरौं।

हुलाक निर्देशनालय, सुर्खेत
सम्पर्क: ०८३-५२०२३४/०८३५२०१७५




काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)